# राजस्व सुधार कार्ययोजना

**(Revenue Improvement Action Plan- RIAP)**

आर्थिक वर्ष २०८०/०८१ - २०८२/०८३




# माण्डवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जसपुर, प्युठान

लुम्वीनी प्रदेश सरकार

| दस्तावेज/प्रतिवेदन | माण्डवी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
|---|---|
| प्रकाशक | माण्डवी गाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय<br>सम्पर्क नम्वर: 9857836006<br>इमेल :info@mandavimun.gov.np |
| प्राविधिक तथा वित्तीय सहयोग | लुम्बिनी प्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज |
| सहजीकरण संस्था | अलाना इन्टरनेशलन सर्भिसेज प्रा.लि, काठमाडौ<br>सम्पर्क नम्वर : ०१-४५४४०९१<br>Email: aalanainternational456@gmail.com |
| मिति | जेठ, २०८० |

## अध्यक्षज्यूको मन्तव्य

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । संविधातः स्थानीय सरकारलाई प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेको छ । स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संघ तथा प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदानले मात्र संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राजस्व अधिकार समेत तहगत सरकारबीच बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई प्राप्त कर तथा गैरकरहरुको अधिकतम परिचालन तथा आवश्यकता र औचित्यताको आधारमा ऋण परिचालन सहित निजी लगानी प्रर्वद्धनमा विशेष ध्यान दिनु आवश्यक छ ।

यस सन्दर्भमा स्थानीय सरकारको वढ्दो खर्च धान्नका र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा समयसापेक्ष सुधार गर्न गाउपालिकाको लागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नु अपरिहार्य महसुस गरिएको छ । यसै सन्दर्भमा संविधान तथा कानून बमोजिम गाउपालिकालार्य प्रदत्त राजस्व अधिकारको परिधिभित्र रही गाउँपालिकाको विद्यमान आय स्रोतहरुको समीक्षा, गाउँपालिकाको दिगो र भरपर्दो वित्तीय स्रोतका सम्भावित स्रोतहरुको पहिचान, त्यस्ता श्रोतहरुको अधिकतम परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु र कार्यान्वयनको खाका तयार सहित आगामी ३ आर्थिक बर्षभित्र परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण सहित **माण्डवी गाउपालिका**को यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

यस गाउँपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै दिगो र भरपर्दो राजस्वका स्रोतहरुको पहिचान, विश्लेषण एवं राजस्व प्रशासनलाई प्रभावकारी वनाउने मुल उद्देश्यका साथ तयार गरिएको यस राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यमा कार्यक्रममै सहभागि भई रचनात्मक सल्लाह सुझाव एवं उल्लेखनीय सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाका वडा अध्यक्ष तथा गाउ कार्यपालिका सदस्यहरु, सभासद सदस्यहरु एवं कर्मचारीवर्ग प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस कार्यमा प्राविधिक सहयोग प्रदान गर्नुहुने **अलाना इन्टरनेशनल सर्भिसेज प्रा.लि.काठमाडौ**तथा वित्तीय सहयोगको लागि **लुम्विनी प्रदेश सरकार,प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज**को अमूल्य योगदानको कदर गर्दै सबैमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा यस्तै प्रकारका सहयोगहरुको अपेक्षा राखेको छु ।

**नमराज अधिकारी** (**रोशन**)
अध्यक्ष
माण्डवी गाउँपालिका, प्युठान,
लुम्विनी प्रदेश
नेपाल

## उपाध्यक्षज्यूको मन्तव्य

स्थानीय तहको लागि केन्द्र र प्रदेश सरकारवाट उपलब्ध हुने अनुदानहरु र विषयगत संस्था तथा कार्यक्रमगत सशर्त सहयोगवाट यथोचित मात्रामा स्थानीय आवश्यकता परिपूर्ति हुन नसकिरहेको सन्दर्भमा यस माण्डवी गाउपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट एकातिर यस गाउँपालिकाको आन्तरिक आय स्रोत अभिवृद्धि हुने सम्भावनाहरुको उजागार भएको छ भने आन्तरिक राजस्व अभिवृद्धि एवं राजस्व प्रशासनको प्रभावकारीता, क्षमता बिकासका लागि आगामी ३ वर्षका लागि राजश्व नीति, रणनीति एवं कार्यक्रमहरु पहिचान भएको छ । यस राजश्व सुधार योजना तर्जुमाको क्रममा सहभागितात्मक तथा सामुहिक छलफलवाट पहिचान भएका राजस्वका सम्भावित स्रोतहरुको परिचालनवाट स्थानीय जनचाहना अनुरुपका विकास कार्यलाई अगाडि वढाउन थप श्रोत परिचालन गर्न सकिने आत्मविश्वास वढेको छ । कार्ययोजनाले निर्दिष्ट गरे अनुसारको राजश्व नीति तर्जुमा, कार्यक्रम बिकास तथा लगानी, संगठनात्मक संरचनामा सुधार, दक्ष र प्रविधिमैत्री जनशक्तिको व्यवस्थापन, क्षमता अभिवृद्धि प्रविधिको अधिकतम उपयोग, राजश्व पारदर्शिता, सूचना संम्प्रेशन, नियमित अनुगमन तथा समिक्षा र पुर्नयोजना तर्जुमा जस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा गाउपालिकालाई सवैको साथ र सहयोग रहने बिश्वास लिएको छु ।

यस कार्यमा सहभागि भई आफ्नो अमूल्य सहयोग, सल्लाह सुझाव दिनु हुने यस गाउँपालिकाका राजनीतिक दलका प्रतिनिधि लगायत गाउँपालिकाका परिवार सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । कार्यक्रमलाई सहभागितात्मक र सामुहिक छलफलवाट संचालन गरी राजस्व सुधारका लागि विविध पक्षहरु पहिचानमा सहजीकरण गरी सहयोग गर्नुहुने परामर्शदाता संस्था **अलाना इन्टरनेशनल सर्भिसेज प्रा.लि.काठमाडौं** र वित्तीय सहयोगको लागि **लुम्विनीप्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज**प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**पूर्ण प्रसाद कालाथोकी**
उपाध्यक्ष
माण्डवी गाउँपालिका, प्युठान, लुम्विनी प्रदेश
नेपाल

## दुई शब्द

माण्डबी गाउँपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी पालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट एकातिर यस गाउँपालिकाको आन्तरिक आय स्रोत अभिवृद्धि हुने सम्भावनाहरुको उजागार भएको छ भने आन्तरिक राजस्व अभिवृद्धि एवं राजस्व प्रशासनको प्रभावकारीता, क्षमता बिकासका लागि आगामी ३ वर्षका लागि राजश्व नीति, रणनीति एवं कार्यक्रमहरु पहिचान भएको छ। यस पालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम् जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् ।

यो राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट पालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपादक्ष्य ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु राजश्व सुधार कार्ययोजना तर्जुमामा  खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस राजश्व सुधार कार्ययोजना तर्जुमाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने सेवाप्रदायक लगायत टिमका सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

प्रकास पाण्डे
प्रमुख प्रशासकीय अधिकृत,
माण्डवी गाउँपालिका
प्यूठान, नेपाल

## विषय सूची

| क्रसं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १. | **परिच्छेद - एक : परिचय** | ६ |
| १.१. | पृष्ठभूमि | ६ |
| १.२. | राजस्व सुधार कार्ययोजनाको औचित्य तथा आवश्यकता | ७ |
| १.३. | उद्देश्य | ८ |
| १.४. | योजना तर्जूमा वधि तथा प्रक्रिया | ८ |
| १.४.१ | पहिलो चरणः सन्दर्भ सामग्रीहरुको अध्ययन | ८ |
| १.४.२ | दोश्रो चरण : प्रश्नावली तथा फारम विकास | ८ |
| १.४.३ | तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला | ८ |
| १.४.४ | चौथो चरण : सूचना सङ्कलन तथा विश्लेषण | ९ |
| १.४.५ | पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण | ९ |
| १.४.६ | छैठौ चरण : मस्यौदा प्रतिवेदन तयारी | ९ |
| १.४.७ | अन्तिम चरण : स्वीकृती र प्रकाशन | १० |
| | सीमाहरु | १० |
| २. | **परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय** | |
| २.१. | भौगोलिक अवस्थिति | ११ |
| २.२. | प्रशासनिक विभाजन र जनसंख्या | ११ |
| २.३. | आर्थिक तथा सामाजिक अवस्था | ११ |
| २.४. | संगठनात्मक संरचना | १४ |
| ३. | **परिच्छेद - तीन : राजस्व परिचालनका शैद्धान्तिक आधार र राजश्व अधिकार तथा आय सम्भाव्यता** | |
| ३.१ | राजस्व परिचालनका आधारभूत पक्षहरु | १५ |
| ३.२ | राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १६ |
| ३.३ | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १८ |
| ३.२.१ | सम्भावना तथा चुनौतीहरु | २० |
| ३.३ | राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | २० |
| ३.३.१ | कर राजस्व | २१ |
| ३.३.२ | गैरकर राजस्व | २४ |
| ४. | **परिच्छेद - चार : राजस्व सङ्कलन तथा संस्थागत क्षमता** | |
| ४.१. | राजस्व परिचालन सम्बन्धी नीति | २५ |
| ४.२. | आय संकलनको संस्थागत क्षमता | २५ |
| ४.३. | आन्तरिक आय परिचालन तथा संकलन | २६ |
| ४.४. | राजस्व परिचालनमा रहेका सवाल | २८ |
| ५. | **परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना** | |
| ५.१. | कर राजस्व सुधार योजना | ३१ |
| ५.२. | गैरकर राजस्व सुधार योजना | ३३ |
| ५.३. | राजस्व प्रशासन सुधार योजना | ३५ |
| ६. | **परिच्छेद - छ : आगामी त्रिवर्षीय राजस्व प्रक्षेपण** | |
| ६.१. | राजस्व प्रक्षेपणको आधार | ३८ |
| ६.२. | त्रिवर्षीय राजस्व प्रक्षेपण | ३९ |
| ७. | **परिच्छेद - सात : अपेक्षित नतिजा** | ४१ |
| ८ | **परिच्छेद - आठ : अनुगमन तथा मूल्यांकन** | ४२ |
| ८.१ | कार्ययोजनाको अनुगमन तथा मूल्यांकन | ४२ |


## तालिका

| तालिका नं | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १ | वडागत जनसंख्या | ११ |
| २ | भूउपयोगको अवस्था | १२ |
| ३ | भवन संरचनाको वनावट | १२ |
| ४ | सार्वजनिक जमिन सम्वन्धी विवरण | १३ |
| ५ | विषय क्षेत्रको पेशा, उद्यम व्यवसाय | १४ |
| ६ | स्थानीय तहको संवैधानीक अधिकार क्षेत्र | १६ |
| ७ | वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर सम्वन्धी | १७ |
| ८ | कर राजस्व तथा गैरकर राजस्व सम्बन्धी वर्तमान अवस्था | १९ |
| ९ | गाउँपालिकाको वस्तुस्थिति विश्लेषण | २० |
| १० | सम्पत्तिकर दर | २१ |
| ११ | भूमिकर मालपोतकर दर | २२ |
| १२ | सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान | २२ |
| १३ | व्यवसायको प्रकृति, संख्या र औषत करदर | २३ |
| १४ | पालिकाको आन्तरिक श्रोत परिचालनको वर्तमान अवस्था | २६ |
| १५ | कर राजस्व सुधार कार्ययोजना | ३१ |
| १६ | गैरकर राजस्व सुधार कार्ययोजना | ३३ |
| १७ | राजस्व प्रशासन सुधार कार्ययोजना | ३५ |
| १८ | राजस्व प्रक्षेपणका आधारहरु | ३६ |
| १९ | त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक आय | ३७ |
| २० | त्रिवर्षीय राजस्व प्रक्षेपण : बाह्य आय | ३८ |
| २१ | त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक र बाह्य श्रोत | ३९ |


**अनुसूचीहरुः**


अनुसूची १. सूचता तथा तथ्यांक संकलन सम्वन्धी नमुना फारम

अनुसूची २. अभिमुखीकरण तथा कार्यशाला गोष्ठीसंग सम्वन्धित दृष्यचित्र

अनुसूची ३. अभिमुखीकरण तथा कार्यशालामा सहभागीहरुको विवरण

अनुसूची ४. अभिमुखीकरण तथा कार्यशाला गोष्ठी कार्यतालिका

अनुसूची ५. आर्थिक ऐनको नमुना

अनुसूची ६. परामर्शदाता संस्था र विषयविज्ञ सम्वन्धी सक्षिक्षत विवरण


# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ लेसंघ, प्रदेश र स्थानीय गरी तीनवटै तहबाट अनुसूचीमा तोकिए बमोजिम एकल, साझा र अवशिष्ट अधिकारको प्रयोग कानून बमोजिम सम्पादन हुने कार्यजिम्मेवारी निर्धारण गरेको छ भने सरकार संचालनका लागि आवश्यक श्रोत साधन परिचालनका लागि संविधानतः तीनै तहको सरकारलाई बिभिन्न कर तथा गैरकर राजश्व अधिकारको पनि व्यवस्था गरिएको छ । प्रचिलत कानून अनुसार ठूला तथा दिगो कर तथा गैरकर राजश्व अधिकार संघ सरकार मातहत राखेको छ र संघीय सरकारले संकलन गर्ने कर तथा गैरकर राजश्वलाई प्रदेश तथा स्थानीय तहलाई  र प्रदेश सरकारले संकलन गर्ने राजश्व पनि स्थानीय तहलाई बित्तीय समानिकरण, सशर्त, समपूरक, बिशेष अनुदान, राजश्व वांडफांड शिर्षकमा श्रोत उपलव्ध गराउने व्यवस्था गरिएको छ ।संघ तथा प्रदेश सरकारबाट बिभिन्न शिर्षक मार्फत उपलब्ध गराउने श्रोतले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा तहगत सरकारबीच राज्यको राजस्व अधिकार समेत बाँडफाँड गरिएको सन्दर्भमा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने गरी राजस्व अधिकार संबैधानिक रुपमै प्रदान गरिएको छ । यसरी परिचालन हुने अनुदान वा राजश्व वाडफांड र आन्तरिक राजश्व परिचालनबाट पनि श्रोतको न्युनता रहेको अवस्थामा स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण परिचालन र निजी, सहकारी क्षेत्रमा रहेको श्रोत समेत परिचालन गर्न सकिने गरी वैकल्पिक श्रोत परिचालनको अधिकार समेत गर्न सक्ने व्यबस्था गरिएको छ ।

परिवर्तित सन्दर्भमा जनताहरुका वढेको विकासको तिव्र चाहाना, नागरिकहरुको आधारभूत सेवा तथा विकासको आकांक्षा पूरा गर्न आवश्यक पर्ने श्रोत साधनका लागि संघ सरकारमाथीको अत्याधिक वढिरहेको छ भने प्रदेश सरकारको योगदान अत्यन्त न्युन रहेको अवस्था छ । अर्को तिर जनतको माग र श्रोतको उपलव्धता विच ठूलो खादल रहेको अवस्था छ भने स्थानीय तहको आन्तरिक राजश्व परिचालन क्षमता र सामर्थ्यता पनि अपेक्षा गरिए भन्दा अत्यन्त कमजोर रहेको छ । महालेखा परिक्षकको ५९औं प्रतिवेदन २०७९ अनुसार आ.व.२०७८।०७९ मा ७५३ स्थानीय तहले परिचालन गरेको कूल राजश्व रु.४ खर्व ९३ अर्व ३९ लाख मध्ये स्थानीय तहको आन्तरिक श्रोत रु.३५ अर्व ३२ करोड ७३ लाख अर्थात कूल श्रोत परिचालनमा जम्मा ६.२२ प्रतिशत मात्र योगदान रहेको अवस्था छ । स्थानीय तहको कूल राजश्व परिचालनमा संघ सरकारको योगदान ९० प्रतिशत र प्रदेश सरकारको योगदान २ प्रतिशत रहेको, दुवै तहको सरकारबाट प्राप्त हुने श्रोतमा पनि सशर्त अनुदानको हिस्सा अत्याधिक देखिन्छ । संघ सरकारको चालु आ.व.२०७९।०८० को राजश्व परिचालनको अवस्था अत्यन्त कमजोर अवस्थामा रहेको हुंदा चालु आ.व.मा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने श्रोतमा समेत कटौती हुने प्रवल संभावना भएकोले स्थानीय तहको सरकारको बजेट तथा कार्यक्रम व्यवस्थापनमा समेत नकारात्मक असर पर्ने देखिएको छ । यस्तो विषम परिवेसमा स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा व्यापक सुधार गरी श्रोत परिचालनमा आत्मनिर्भरताको अवस्था सिर्जना गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारको पृष्ठभूमिमा हालको अभ्यास, चुनौति र सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि **राजस्व सुधार कार्ययोजनातर्जुमा** र कार्यान्वयनको खाँचो छ ।

यसै तथ्यलाई मध्यनजर गरी **माण्डवी गाउँपालिका**को पहलमा प्रदेश सुशासन केन्द्र, लुम्विनी प्रदेश सरकारसंगको सहकार्यमा यो **राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan- RIAP)** तर्जुमा गरिएको छ । आगामी ३ वर्षका लागि तर्जुमा गरिएको यो कार्ययोजना तर्जुमाको कममा सन्दर्भ सामाग्रीहरुको बिस्तृत अध्ययन, गाउँपालिका पदाधिकारी तथा सम्वन्धित सरोकार पक्षहरुसंग व्यापक छलफल, अन्तरकिया र अन्तरक्रिया गरिएको छ । उपरोक्त पद्धति अनुसार गरिएको छलफल, कार्यशाला गोष्ठी, अन्तरक्रियाको क्रममा प्राप्त सुझाव तथा प्रतिक्रिया समेतलाई आधार बनाई यो प्रतिवेदन तयार गरिएको छ । कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य, उद्देश्यलाई समेत सन्दर्भ सामाग्रीको रुपमा उपयोग गरिएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य तथा आवश्यकता

- **वढ्दो जनआकांक्षाको सम्वोधन र परिपूर्ति गर्ने** : जनताको सवैभन्दा नजिकको सरकार भएको नाताले नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाई क्रमशः सम्वोधन गर्न र चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्न स्थानीय तह अनि जनप्रतिनिधिहरुमाथी ठूलो दवाव रहेको छ । भौतिक एवं सामाजिक पूर्वाधारहरुको न्यूनताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा आर्थिक सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि वढि भन्दा वढि श्रोत परिचालन गर्नु पर्ने अवस्था सृजना भएको छ । विद्यमान अवस्थामा स्थानीय तहसंग उपलव्ध सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता अन्यन्तै कमजोर देखिन्छ । जनताका अपेक्षाहरु पूरा गर्न स्थानीय तहको लागि दिगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्यता छ ।
- **संवैधानिक एवं कानुनी अधिकारको उपयोग गर्ने** : संविधानतः नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था गरेको छ । परम्परागत ढङ्गवाट परिचालित हुँदै आएका स्थानीय तहको राजश्व क्षेत्रमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने आवश्यकता छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन गर्दै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान, परिचालन गर्नुपर्ने भएको छ । यसै सन्दर्भमा संघ र प्रदेशवाट दिइने अनुदानहरु पनि क्रमशः न्यून छ । नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ हरुवाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था भएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।
- **स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** : विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्यता छ । यसका साथै जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त वनेको छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व परिचालन अपरिहार्य छ । नेपालको संविधान र कानुनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधि भित्र रही दिगो रुपमा राजस्व नीति, कानून, व्यवस्थापकीय प्रवन्ध, संस्थागत संरचना, जनशक्ति, प्रविधिको अधिकतम परिचालन गरी आन्तरिक श्रोतलाई सवल र सशक्त बनाउनु आवश्यक छ । यस सन्दर्भमा राजस्व सङ्कलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानुनमा छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।
- **राजस्व अभिवृद्धिका रणनीति कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने** : स्थानीय तहको राजस्व सङ्कलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यमकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व श्रृजना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

### १.३ उद्देश्य

यस राजश्व सुधार कार्ययोजना मार्फत **माण्डवी गाउँपालिका**को आन्तरिक आय परिचालनको विद्यमान अवस्थाको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दो श्रोतहरुको पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ । यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमा उद्देश्यहरु निम्न अनुसार छ ।

क) स्थानीय सरकारको राजस्व क्षेत्र सम्वन्धमा संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा गाउँपालिकापदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) गाउँपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलन वीचको कमी कमजोरी पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी कर तथा गैरकरको संभाव्य श्रोतको पहिचान, नीतिगत उपकरण, दर तथा दायरा, करयोग्य सम्पत्ति, आय तथा बस्तु सेवाको मूल्यांकन, राजश्व प्रशासन जस्ता व्यवस्थापनका बिधिहरुको अभ्यास, कर तथा गैरकर र राजश्व प्रशासन क्षेत्रमा गर्नु पर्ने कार्यक्रम तथा सो को लागि जिम्मेवार निकाय, आगामी तीन वर्षका लागि आय प्रक्षेपणको खाका सहितको राजस्व सुधार कार्ययोजना गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि गाउँपालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

### १.४ योजना तर्जुमा विधि र प्रकिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्नानुसारका विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

#### क) पहिलो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यसै क्रममा सङ्कलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ रहेका थिए । त्यसैगरी लुम्विनी प्रदेश तहवाट निर्मित मुख्य ऐन कानूनहरुमा आर्थिक ऐन, सडक सवारी, यातायात तथा परिवहन, औद्योगिक व्यवसाय ऐन, कर तथा गैरकर राजस्व सम्वन्धी कर र वित्तीय व्यवस्थापन ऐन र मनोरन्जन, विज्ञापन र पर्यटन नियमावली लगायतका ऐन कानूनहरु अध्ययन गरिएको थियो भने पालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), पाालिकाको नीति कार्यक्रम तथा बजेट, पालिकाको आर्थिक ऐन आदि रहेका थिए ।

#### ख) दोश्रो चरण : प्रश्नावली तथा फारम विकास

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क सङ्कलनका लागि फारम तथा प्रश्नावलीहरु विकास गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं पालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

#### ग) तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा गाउँपालिकामा एक दिने अभिमुखीकरण तथा कार्यशाला कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, पालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरुको सहभागितामा रहेको थियो । कार्यक्रममा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी विधि, प्रकिया,

गाउँपालिकाको राजस्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुति भएको थियो भने स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु, पालिकाले अभ्यासमा ल्याएका राजस्वहरु एवं राजस्व प्रशासन सम्वन्धी विषयमा पनि प्रस्तुतीकरण भई व्यापक छलफल भएको थियो । यसरी आयेजित कार्यशाल गोष्ठी विशेष गरी निम्न चार क्षेत्रमा केन्द्रीत रहेको थियो ।

- शिर्षकगत राजस्वका दररेट, दायर तथा प्रक्षेपण
- कर राजस्व सुधार योजना
- गैरकर राजस्व सुधार योजना
- राजस्व प्रशासन विशेषगरी अभिलेखीकरण, सङ्कलन, संगठनात्मक संरचना र समन्वय

अभिमुखीकरणको क्रममा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई संयोजन गर्न लेखा शाखा प्रमुखको संयोजनकत्वमा सूचना प्रविधि अधिकृत, प्रशासन शाखा प्रमुख, राजश्व इकाई प्रमुख समेत रहेको **राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदल** समेत गठन गरिएको थियो ।

### घ) चौथौ चरण : सूचना सङ्कलन तथा विश्लेषण

अध्ययनका लागि गाउँपालिकाका शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । यसका साथसाथै गाउँपालिकाका प्रकाशनहरु वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐन, राजस्व सम्वन्धी कानूनहरु, प्रगति विवरण लगायतका अध्ययन प्रतिवेदनहरुवाट तथ्याङ्क सङ्कलन भएको थियो । तथ्याङ्कहरु मूलत निम्न क्षेत्रमा केन्द्रीत भई सङ्कलन भएको थियो ।




- राजस्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरु
- विगत वर्षहरुमा सङ्कलन भएको राजस्व सम्वन्धी यथार्थ विवरणहरु
- राजस्व सङ्कलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरु

### ङ) पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

कार्ययोजना तर्जुमा कार्यशालावाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गदै आवश्यक परिमार्जन गरिएको थियो । त्यसैगरी विगत वर्षहरुको यथार्थ आय विवरणका आधारमा आगामी ३ वर्षका लागि वजेट प्रक्षेपण गरिएको थियो । प्रक्षेपणको क्रममा राजस्व सम्भाव्यताका आधारमा नयाँ क्षेत्रहरुको समेत राजस्व प्रक्षेपण भएको थियो । प्रक्षेपण गर्दा मुलत विद्यमान अवस्थामा प्राप्त भएको राजस्व, दायरा विस्तारको अवस्था, विगतको भएको राजस्व वृद्धिदर, अनुमान एवं विभिन्न पक्षहरुसंग भएको संझौतालाई आधार मानिएको थियो ।

### च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

राजस्वको विद्यमान अवस्था, सम्भावनाहरुको विश्लेषण, राजस्व सुधारका क्षेत्रहरुको पहिचान गर्दै राजस्व अभिवृद्धिका क्रियाकलापहरु सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा प्रतिवेदन लेखन कार्य भएको थियो । मस्यौदा प्रतिवेदनमा प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरी तयार पारिएको थियो । विशलेषण भएका तथ्यहरुलाई तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पार्दै गाउँपालिका समक्ष पेश गरिएको थियो ।

छ)	**अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन**

मस्यौदा प्रतिवेदनवारे गाउँपालिका एव सरोकारवाला सम्वन्धित सवै पक्षहरुको सुझावहरु सङ्कलन, मस्यौदा प्रतिवेदनमा छुटेका पक्षहरु थप्दै, तथ्याङ्कीय कमि कमजोरीहरु सच्याउदै प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार परिएको थियो ।

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन विभिन्न ८ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय रहेको छ । यसमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएका विधि, प्रक्रिया, उद्देश्य एवं राजस्व सुधार कार्ययोजनाको औचित्य वारे उल्लेख गरिएको छ भने परिच्छेद २ मा पालिकाको वस्तुस्थिति संक्षिप्त रुपमा खासगरी पालिकाको भौगोलिक अवस्थितिका वारेमा उल्लेख गरिएको छ भने परिच्छेद ३ मा राजश्व परिचालन सम्वन्धी सैद्धान्तिक पक्ष र राजस्व अधिकार तथा आय सम्भाव्यताका वारेमा उल्लेख गरिएको छ । राजस्व सङ्कलन तथा संस्थागत क्षमता विकासका वारेमा नीतिगत पक्षहरु परिच्छेद ४ मा उल्लेख भएको छ भने परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजना तर्जुमा भएको छ । यस अन्तर्गत कर राजस्व सुधार, गैरकर राजस्व सुधार र राजस्व प्रशासन सुधार योजना तर्जुमा गरिएको छ । पालिकाको राजस्व प्रक्षेपण परिच्छेद ६ मा उल्लेख भएको छ भने राजस्व सुधार कार्ययोजना सञ्चालनवाट प्राप्त हुन सक्ने अपेक्षित नतिजाहरुका वारेमा परिच्छेद ७ मा उल्लेख भएको र परिच्छेद ८ मा अनुगमन र मूल्याङ्कन वारे उल्लेख भएको छ ।

## १.५	सीमा

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक भएता पनि सीमित श्रोत साधन, विगतका वर्षहरूको प्रर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क)	प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय श्रोतहरूबाट प्राप्त तथ्यांक तथा सूचनाहरूको आधारमा तयार पारिएको छ ।

ख)	पालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्यांक संकलन फारम अनुसार प्राप्त तथ्यांकहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

ग)	पालिकामा भएको अभिलेख एवं छलफलबाट प्राप्त सूचनाको आधारमा आय श्रोतहरुको पहिचान तथा सम्भाव्यता अध्ययन भएको छ । पालिकाको विगतका आर्थिक वर्षहरुमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजस्व वृद्धिदर, अनुमानका आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

घ)	पालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि त्यस्ता पक्षहरुसंग सम्वन्ध राख्नेहरुको तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा समावेश गर्न सकिएको छैन ।

ङ)	स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद - दुई

## गाउँपालिकाको संक्षिप्त परिचय

### २.१ भौगोलिक अवस्थिति




माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२०४१'३०" देखि ८२०५०'३०" र पूर्व देशान्तरसम्म २७०५९'३०" देखि २८०६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ । ११३.०८ वर्ग.कि.मी.क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान गाउँपालिकापश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् ।नेपाल सरकारको मिति २०७३/११ गतेको निर्णय अनुसार तिराम (१-४),मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरिएको थियो ।

### २.२ प्रशासनिक विभाजनर जनसंख्या

राजनीतिक विभाजन अनुसार माण्डवी गाउँपालिका ५ वडाहरुमा विभाजन गरिएको छ ।२०६८ को जनगणणा अनुसार १५,०५८ जनसंख्या रहेको यस गाउपालिकामा २०७८ को जनगणणा अनुसार घरधुरी संख्या ३७९४घरपरिवार र पुरुष ७,०३९ र महिला ८,८२४ गरीकूल जनसंख्या १५,८६३ रहेको छ । वडागत रुपमा जनसंख्याको विवरण तालिका १ मा उल्लेख गरिएको छ ।

तलिका नं.१
वडागत जनसंख्या

| वडा | पूरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १४३२ | १६८४ | ३११६ |
| २ | १५६१ | १८०३ | ३३६४ |
| ३ | १७०४ | २१९४ | ३८९८ |
| ४ | १२७४ | १७९१ | ३०६५ |
| ५ | १०६८ | १३५२ | २४२० |
| जम्मा | ७०३९ | ८८२४ | १५८६३ |

श्रोत: केन्द्रिय तथ्यांक विभाग २०७८

### २.३ आर्थिक तथा सामाजिक अवस्था

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको बनोट भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा ठूलो संख्यामा रहेका वनजंगल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ ।

- **भूउपयोगको अवस्थाः**माण्डवी गाउँपालिकाको झण्डै १९.१९ प्रतिशत (२१.७० वर्ग कि.मि.) जग्गा खेतीयोग्य रहेको छ भने ६७.४९ प्रतिशत (७६.३२ वर्ग कि.मि.) वन क्षेत्र रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित खेतीयोग्य जमिनउर्वररहेको छ । वाकी जमिन मध्ये चरन क्षेत्रकरिव १.३० प्रतिशत (१.१५ वर्ग कि.मि.) र जल क्षेत्रकरिव २.३५ प्रतिशत (१.९९ वर्ग कि.मि.) रहेको छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

| क.सं. | तालिका नम्वर २ |
|---|---|

| | भूउपयोगको अवस्था | | |
|---|---|---|---|
| | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि) | प्रतिशत |
| १ | कृषि | २१.७० | १९.१९ |
| २ | वन | ७६.३२ | ६७.४९ |
| ३ | झाडी | ८.२९ | ७.३३ |
| ४ | जलक्षेत्र | १.९९ | २.३५ |
| ५ | चरण क्षेत्र | १.१५ | १.३० |
| | **जम्मा** | **११३.०८** | **१००** |
| श्रोत : गाउँपालिकाको पार्श्वचित्र २०७४ | | | |

- **धरधुरी र प्रकार** : माण्डवी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ इँटा तथा ढुंगाबाट बनेका गारोको सबैभन्दा धेरै घरधुरी संख्या २,९२१ (९५.२१ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईटाबाट बनेका गारोको घरधुरी संख्या १ (०.०३ प्रतिशत) रहेको छ । यसैगरी काठ तथा फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या ८ (०.२६ प्रतिशत), सिमेन्टको जोडाई भएको ईटा ढुङ्गाबाट बनेको गारोको घरधुरी संख्या ७६ (२.४८ प्रतिशत), बाँसजन्य समाग्रीबाट बनेको घरधुरी संख्या २४ (०.७८ प्रतिशत) रहेको छ भने अन्य ४ (०.१३ प्रतिशत) र उल्लेख नगरिएको ३४ (१.११ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको इँटा तथा ढुंङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६६५ वडा नं. ३ मा रहेको देखिन्छ भने सबैभन्दा कम घरधुरी संख्या ५०४ वडा नं ५ मा रहेको देखिन्छ ।

**तालिका नम्वर ३**
**भवन संरचनाको वनावट**

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५६३ | १ | १ | २ | ० | ० | ६ | ५६३ |
| २ | ६०३ | ० | ० | १ | ० | ० | २ | ६०३ |
| ३ | ६६५ | ५७ | २ | १५ | ० | ० | २१ | ६६५ |
| ४ | ५८६ | १ | ५ | ४ | १ | ४ | ३ | ५८६ |
| ५ | ५०४ | १७ | ० | २ | ० | ० | २ | ५०४ |
| जम्मा | २,९२१ | ७६ | ८ | २४ | १ | ४ | ३४ | २,९२१ |
| प्रतिशत | ९५.२१ | २.४८ | ०.२६ | ०.७८ | ०.०३ | ०.१३ | १.११ | १०० |

- **सार्वजनिनक जग्गाः**

माण्डवी गाउपालिका भित्र वडागत रुपमा रहेको सार्वजनिक जमिन निम्न बमोजिम रहेको अवस्था छ ।

तालिका नम्वर ४

सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकका गा.वि.स. | सार्वजनिक जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|
| | | रोपनी | आना | पैसा | दाम |
| १ | मर्कावाङ | १४०७ | १ | २ | ३ |
| २ | रम्दी | ४०५ | १० | ३ | १ |
| ३ | नयाँगाउँ | ५१८ | ० | १ | ० |
| ४ | तिराम | २५१८ | ७ | ० | ३ |
| ५ | उदयपुरकोट | २७२ | २ | १ | ० |
| जम्मा | | ५१२० | २० | ७ | ७ |
| जम्मा सार्वजनिक जग्गा (रोपनी-आना-पैसा-दाम) | | ५१२१□६□०□३ | | | |

- **घर संरचनाको स्वामित्व र वहाल सम्वन्धी अवस्था:**माण्डवी गाउँपालिकामा जम्मा ३,०६८ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या २,९२८ (९५.४४ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ८३ (२.७१) प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ४१ (१.३४ प्रतिशत) र अन्य घरधुरीको संख्या १६ (०.५२ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ३ मा भाडाको घरधुरी सबैभन्दा बढी देखिन्छ भने अन्य सबै वडाहरुमा निजी स्वामित्वको घरहरु धेरै देखिन्छ।




- **खोला नाला तथा जलश्रोत:** गाउँपालिका क्षेत्रमा जलश्रोत तथा प्राकृतिक सम्पदाको उपयोग प्रयोजनका लागि उपलव्ध खोला खहरे निम्न बमोजिम रहेको छ।

| सि.नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको क्षेत्र वा ठाउँ | प्राथमिकत.कम | कैफियत |
|---|---|---|---|---|---|
| ज्ञ | तल्लो भिम्रुक १ | २१.९१ | रम्दी ४,५ | १३ | |
| द्द | कचर खोला जलाधार | १६.७९ | रम्दी ४ | ४ | आ.व.७२/०७३ उपजलाधार योजना तयार भएको |
| घ | तल्लो भिम्रुक २ | ८०.३९ | रम्दी १,२,३,४ | १४ | |
| द्ध | माडी खोला ३ | ३१.८१ | उदयपुरकोट ५,७ | १९ | |
| छ | माडी खोला ४ | ६५.५४ | नयागाउ १,२,३,४,५,६,७,८,९ रम्दी ३,४,५,६,८,९ उदयपुरकोट १,२,३,४,५,८,९ | २२ | |
| ट | माथिल्लो अरुङ खोला | ६८.२ | उदयपुरकोट ४,५,६,७ | २६ | |
| ठ | तल्लो अरुङ खोला | ३४.५१ | मर्कावाङ १,२,३,४,५,६,७,८,९ नयागाँउ १ तिराम १,२,३ उदयपुरकोट १,३,४ | १७ | |
| ड | माडी खोला ५ | ४०.१ | मर्कावाङ १,२,३ नयागाँउ १ रम्दी २,३,६,७,८ तिराम १,२,३,४,५,६,७,८,९ | १६ | |
| ढ | मडी ५ र तल्लो माडी | ८८.६९ | रम्दी २ तिराम ५ | १८ | |
| ज्ञण | गनाह खोला | ३५.५ | तिराम ६,९ | २४ | |
| ज्ञज्ञ | वडशाल खोला | ३८.५४ | तिराम ५,६ | २८ | |

- **उत्पादन र निकासी** : गाउँपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन् । आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन् ।
- **उद्योग, व्यापार तथा व्यवसाय** : अध्ययनको क्रममा माण्डवी गाउँपालिका क्षेत्रभित्र के कति उद्यम व्यवसाय संचालनमा छन भन्ने यकिन तथ्यांक उपलब्ध हुन नसकेतापनि केन्द्रिय तथ्यांक विभागले सन २०१८ मा गरिएको आर्थिक सर्वेक्षणको अभिलेख अनुसार यस गाउँपालिका क्षेत्रभित्र बिभिन्न विषय क्षेत्रमा ४२३ पेशा, व्यवसाय र उद्यम रहेको छ । विषय क्षेत्रगत उद्यम, व्यवसाय, पेशाहरु संचलन रहेको देखिन्छ ।

**तालिका ५**

| क.सं. | विषय क्षेत्रको उद्यम, पेशा व्यवसाय | संख्या |
|---|---|---|
| १ | कृषि तथा पशुपंक्षी | ३० |
| २ | निर्माण तथा उत्पादन | ३९ |
| ३ | खानीजन्य, विद्युत, ग्यास, खानेपानी तथा निर्माण | ४ |
| ४ | थोक तथा खुद्रा | २११ |
| ५ | इातायात, भण्डारण, सूचना प्रविधि | ५ |
| ६ | खाद्य, होटेल, रेष्टुरेण्ट, | ६२ |
| ७ | वित्तीय तथा लघुवित्त | १६ |
| ८ | शिक्षा | २९ |
| ९ | स्वास्थ्य तथा सामाजिक सेवा | ६ |
| १० | रियल स्टेट, पेशाक्षेत्र, विज्ञान प्रविधि, प्रशासन, कला, मनोरन्जन र अन्य | २१ |
| | **जम्मा** | **४२३** |

उपरोक्त अभिलेख अनुसारको पेशा व्यवसायमध्ये गाउँपालिकामा के कति पेशा व्यवसाय दर्ता, नविकरण भएको भन्ने यकिन तथ्यांक उपलव्ध हुन सकेन ।

## २.४ संगठनात्मक संरचना :

प्रशासनिक विभाजन अनुसार ५ वटा वडा रहेको यस गाउँकार्यपालिका अन्तर्गत विषयक्षेत्रगत समितिहरुमा आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, राजस्व परामर्श, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रम तर्जुमा जस्ता समितिहरु लगायत विभिन्न उपसमितिहरु गठन भई कियाशील छन् । गाउँकार्यपालिकाको संगठन संरचा अनुसार कार्यालयमा कूल ५६ जना कर्मचारीहरु कार्यरत रहेको जसमा प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, इन्जिनियर, सूचना प्रविधि अधिकृत, कृषि विकास अधिकृत, आन्तरिक लेखा परिक्षक, पशुचिकित्सक, जनस्वास्थ्य निरिक्षक र अन्य सहायकस्तरका कर्मचारीहरुबाट गाउँकार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुबाट विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी काम भइरहेको अवस्था छ ।

# परिच्छेद - तीन

## राजस्वपरिचालनका शैद्धान्तिक आधार र राजश्व अधिकार तथा आय सम्भाव्यता

राजस्व क्षमता सुधार तथा राजश्व अभिवृद्धिका लागि वित्तीय विकेन्द्रीकरण एवं राजश्व प्रणाली सम्बन्धी आधारभूत पक्षहरु कर आधार (Tax Base) र करदर (Tax Rate), करको दायरा (Coverage Ratio), मूल्यांकन मापदण्ड ( Valuation Ratio) र संकलन प्रणाली (Collection Ratio) को वस्तुनिष्ट बिश्लेषण र विवेचना हुनु आवश्यक छ । यस मध्ये राजश्व आधार (Tax Base) र करदर (Tax Rate) लाई नीतिगत औजारको रुपमा लिइन्छ भने करको दायरा ( Coverage Ratio), मूल्यांकन मापदण्ड (Valuation Ratio) र संकलन प्रणाली (Collection Ratio) लाई नीतिगत तथा प्रशासनिक औजारको रुपमा लिइन्छ । यस आधारमा कर आधार र करदरलाई यथास्थितिमा पनि करको दायरा, मूल्यांकन मापदण्ड र पद्धति, संकलनसंग सम्बन्धित संयन्त्रको प्रभावकारी परिचालन, अनुगमन प्रणालीको स्थापना, नियमित समिक्षा, जनशक्तिको उचित र प्रभावकारी व्यवस्थापन, उत्पेरणा र दण्डका प्रावधान, कर सचेतना र आय व्ययको उचित उपयोग वारेमा पारदिर्शिता जस्ता पक्षमा गरिने सुधारले सरकारको राजश्व परिचालनलाई प्रभावकारी बनाई संकलनमा वृद्धि गर्न सकिने बिश्वास गरिन्छ ।

### ३.१ राजस्व परिचालनका आधारभूत पक्षहरु

- **राजस्वको आधार (Tax Base)**: सामान्यतया राजश्व आधारको रुपमा सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रलाई लिइन्छ । प्रचलित कानून अर्न्तगत स्थानीय तहलाई सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रमा कर तथा गैर कर राजश्वका आधारहरु प्रमुख रहन्छ । यसै पृष्ठभूमीमा गाउँपालिकाले आन्तरिक श्रोत परिचालनका लागि के कस्तो शिर्षकबाट कर तथा गैरकर राजश्व संकलन गरिरहेको अवस्था छ भन्ने कुराको समीक्षा गरी अभ्यासमा रहेको र अभ्यास भन्दा वाहिर रहेको राजश्व आधारहरुको समयसापेक्ष विश्लेषण गरी राजश्व क्षेत्र बिस्तारका लागि थप राजस्व श्रोतहरु पहिचान गर्ने गरिन्छ ।

- **करदर (Tax Rates)** : यस अन्तर्गत कानून बमोजिम लगाउन उठाउन पाउने कर तथा गैरकर राजश्व दरको समीक्षा र करका दरहरुमा आवश्यक परिमार्जन गर्दै कर प्रणालीलाई वैज्ञानिक, व्यवहारिक वनाइने छ । सम्पत्ति, आय वा वस्तु सेवामा कर प्रयोजनका लागि अभ्यासमा रहेको समदर, अनुदारदर र प्रगतिशिल करदर मध्ये प्रगतिशील र वैज्ञानिक करदर निर्धारण गर्ने गरिन्छ ।

- **करको दायरा (Ratio of Coverage)**: यस अन्तर्गत विद्यमान कानून बमोजिम सम्पत्ति, आय र वस्तु वा सेवा क्षेत्रमा कायम हुन सक्ने कूल करदाता संख्या र हाल कर प्रणालीमा आवद्ध वा करको दायरामा रहेका करदाता संख्याको अनुपात बिश्लेषण गरिन्छ । साथै करको दायरा वाहिर रहेका करदाताहरुको अनुपातको वस्तुनिष्ठ विश्लेषण गर्दै नसमेटिएका वा वाहिर रहेका करदाताहरुलाई समेत करको दायरामा ल्याउने विविध विधिहरु पहिचान गर्ने गरिन्छ ।

- **करयोग्य सम्पत्तिको मूल्यांकन (Valuation Ratio)**: यस अन्तर्गत कर राजश्वको प्रमुख आधार सम्पत्ति (अचल सम्पत्ति बिशेषत जमिन र भौतिक संरचना), आय वा कारोवार र वस्तु र सेवा क्षेत्रको वैज्ञानिक बिधिबाट वर्गिकरण र मूल्यांकन बिधि तयार गरी सोही आधारमा करदर निर्धाराण गरी राजश्व संकलन गर्ने गर्ने गरिन्छ । नेपालको सन्दर्भमा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको सम्पत्तिकर प्रयोजनको लागि जमिन तथा भौतिक संरचनाहरुको प्रचलित कानून बमोजिम वैज्ञानिक र समयसापेक्ष रुपमा वर्गिकरण र मूल्यांकनको आधार अनि मापदण्ड निर्माण गरी सोही आधारमा राजश्व संकलन गर्ने बिधिहरु पहिचान गर्ने गरिन्छ ।

- **राजश्व प्रशासन तथा संकलन (Ratio of Collection)** : यस अन्तर्गत राजश्व प्रशासन तथा संकलन प्रणालीलाई करदातामैत्री तथा प्रविधिमैत्री बनाउन राजश्व नीति, कानून, संस्थागत संरचना, मानव संसाधन, संकलन प्रणाली, सूचना प्रविधि तथा अन्य बिकल्पहरुको प्रयोग र राजश्वको उपयोग सम्बन्धमा सुशासन र पारदर्शिता जस्ता बिद्यमान पक्षहरुको समीक्षा गर्दै राजश्व संकलन प्रणालीलाई करदातामैत्री र प्रविधिमैत्री बनाउन उपयुक्त बिकल्पहरुको विश्लेषण गर्ने गरिन्छ ।

## ३.२ राजस्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

### क) संवैधानीक अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । राज्य शक्ति वाँडफाँड संविधानको अनुसूची ५ वमोजिम संघलाई, अनुसूची ६ वमोजिम प्रदेशलाई र अनुसूची ८ वमोजिम स्थानीय तहलाई हुने व्यवस्था भएको छ । त्यसैगरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारका र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्वन्धी व्यवस्था गरिएको छ । यसरी व्यवस्था गरिएका अधिकारहरु प्रयोगका लागि सम्वन्धित सरकारहरुले आ-आफ्नो कानूनहरु वनाउनु पर्ने हुन्छ । नेपालको संविधान २०७२ को धारा ६० मा राजस्व स्रोतको वाँडफाँडको व्यवस्था गरिएको छ । यसअनुसार तीनै तहका सरकारले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ । मुलत तीनैतहका सरकारललाई एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारका अधिकार निर्धारण गरिएको छ । कर लगाउने तथा राजस्व संकलन गर्ने सन्दर्भमा स्थानीय तहका लागि नेपालको संविधान अनुसूची ८ को अनुक्रम ४ मा उल्लेख गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ । सो अनुसार स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत संकलन गर्न सक्ने छ भने प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्कलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ ।

**तालिका नम्वर ६**
**स्थानीय तहको संवैधानीक अधिकार क्षेत्र**

| स्थानीय तहको अधिकार क्षेत्र अनुसूची ८ को अनुक्रम ४ वमोजिम | संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ को अनुक्रम ६ वमोजिम |
|---|---|
| ➧ सम्पत्ति कर<br>➧ घर वहाल कर<br>➧ घरजग्गा रजिष्ट्रेशन शुल्क<br>➧ सवारी साधन कर<br>➧ सेवा शुल्क दस्तुर<br>➧ पर्यटन शुल्क<br>➧ विज्ञापन कर<br>➧ व्यवसाय कर<br>➧ भूमिकर (मालपोत)<br>➧ दण्ड जरिवाना,<br>➧ मनोरञ्जन कर<br>➧ मालपोत संकलन | ➧ सेवा शुल्क<br>➧ दस्तुर<br>➧ दण्ड जरिवाना<br>➧ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी<br>➧ पर्यटन शुल्क |

श्रोत : नेपालको संविधान २०७२

### ख) स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपारिकाको वित्तीय अधिकार क्षेत्र उल्लेख भएको छ । सो परिच्छेदको दफा ५४ देखि ६४ सम्म वित्तीय अधिकार सम्वन्धी विविध पक्षहरु व्यवस्था गरिएको छ । यस अनुसार दफा ५४ मा कानून नवाइ कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था भएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ । यसैगरी दफा ५६ मा भूमिकर तथा मालपोत, दफा ५७ मा घरजग्गा वहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा वहाल विटौरी शुल्क, दफा ६० मा पार्किङ शुल्क, दफा ६१ मा जटीवुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्कको व्यवस्था गरिएको छ भने दफा ६३ मा कर, शुल्क वा दस्तुर कुटनीतिक नियोग एवं कुटनीतिज्ञ र वैदेशिक ऋण एवं सहायतावाट संचालिन परियोजनाका पैठारी भएका मालसामानमा लगाउन नपाउने व्यवस्था छ । दफा ६४ मा प्रदेश र गाउँपालिका वा गाउँपालिकाको दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, संकलन र वाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्सा जस्ता सवारी करको दर निर्धारण संकलन गर्ने अधिकार स्थानीय तहमा राखिएको छ भने यि वाहेकका सवारी साधनमा करदर निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरन्जन करको दर निर्धारण प्रदेश

सरकारवाट र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने विज्ञापन कर दर निर्धारण र संकलन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ। प्राकृतिक श्रोत कर खासगरी ढुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको करदर निर्धारण प्रदेश सरकार र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। पर्यटन शुल्क पर्वतारोहरण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क नेपाल सरकारलाई, स्थानीय उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा संग्राहलयको प्रवेश शुल्क स्थानीय सरकारलाई र पर्यटन शुल्क निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ।

**ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

ऐनको दफा ३ मा कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था भएको छ। यस अनुसार स्थानीय तहको अधिकार क्षेत्र यसै ऐनको दफा ३ को उपदफा ३ तथा अनुसूची ३ मा उल्लेख गरिएको छ। स्थानीय तहको यस ऐन अनुसार देहाय वमोजिमका क्षेत्रहरुमा कर तथा गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ।

**तालिका नम्वर ७**
**वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर सम्वन्धी**

| करका क्षेत्रहरु | गैरकरका क्षेत्रहरु |
|---|---|
| १) सम्पत्ति कर<br>२) घर वहाल कर<br>३) घर जग्गा रजिष्ट्रेशन शुल्क<br>४) सवारी साधन कर<br>५) भूमिकर (मालपोत) | १) सेवा शुल्क दस्तुर<br>२) पर्यटन शुल्क<br>३) दण्ड जरिवाना |
| ६) मनोरञ्जन कर<br>७) विज्ञापन कर<br>८) व्यवसाय कर | स्थानीयतहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैकर करहरु |
| श्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | |

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले कर राजस्व अन्तर्गत सम्पत्तिकर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर तथा मालपोत, मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय कर लगाउन र संकलन गर्ने सक्ने व्यवस्था गरिएको छ भने गैरकर राजस्व अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना लगायतका आधारहरु परिभाषित गरिएका छन।

त्यसैगरी दफा ४ मा गैरकरको दर निर्धारणका आधारहरु तोएिको छ। सवै तहका सरकारहरुले वस्तु वा सेवाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दरहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ भने दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था गरिएको छ। यस अनुसार सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर उठाउदा प्रदेश र स्थानीय सरकारले एक अर्काको कर समेत उठाउने व्यवस्था गरिएको छ। कर संकलन गर्दाको सम्वन्धित तहले प्रशासनिक खर्च २ प्रतिशत राखी वाँकी रकम सम्वन्धित तहको संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ को दफा ६ मा मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क वाँडफाँड, दफा ७ मा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी वाँडफाँडको व्यवस्था गरेको छ। यस अनुसार मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कवाट १५ प्रतिशत र प्राकृतिक स्रोतको रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) वाट २५ प्रतिशत राजस्वको व्यवस्था गरिएको छ। यसैगरी परिच्छेद ४ को दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था गरिएको छ भने दफा १४ मा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ।

**घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान सम्बन्धी व्यवस्था यस ऐनको परिच्छेद ४ मा गरिएको छ । यसै ऐनको दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, दफा १५ मा राजस्व बाँडफाँड गर्दा लिइने आधार, दफा १६ मा अनुदान सिफारिस गर्दा लिइने आधारको व्यवस्था गरिएको छ । राजस्व बाँडफाँड गर्दा विशेष गरी जनसंख्या, भौगोलिक क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेका प्रयास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई आधार मानिने व्यवस्था गरिएको छ ।

**ङ) गाउँपालिकाको आर्थिक ऐन, २०७९**

माण्डवी गाउँपालिकाको आर्थिक ऐन, २०७९ अनुसार निम्न राजस्वका श्रोतहरुवाट राजस्व संकलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**क) कर राजस्व तर्फ :**

१. सम्पत्ति कर
२) भूमिकर (मालपोत)
३) वहाल कर
४) व्यवसाय कर
५) जडीवुटी, कवाडी र जीवजन्तु कर
६) विज्ञापन शुल्क
७) मनोरञ्जन कर
८) सवारी साधन कर

**ख) गैरकर राजस्व**

९) सडक उपयोग शुल्क
१०) वहाल विटौरी शुल्क
११) पार्किङ शुल्क
१२) ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, वञ्जी जम्पिङ, जिप फ्लायर र ऱ्यापिटङ शुल्क
१३) ढुङ्गा, गिट्टी, वालुवा, रोडा र ग्राभेल विक्री शुल्क
१४) सेवा शुल्क, दस्तुर
१५) सरसफाइ शुल्क
१६) पर्यटन शुल्क
१७) प्राकृतिक श्रोत साधन विक्री शुल्क

## ३.३ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माण्डवी गाउँपालिकाको आन्तरिक आय अन्तर्गत कर तथा गैरकर राजस्वका प्रमुख श्रोतहरु सम्पत्तिकर, घरवहाल कर, व्यवसाय कर, नक्सापास, एवं प्राकृतिक श्रोत साधन (ढुङ्गा गिट्टी वालुवा) आदिको विद्यमान अवस्था र राजस्व सम्भावनाहरु यसप्रकार रहेको छ ।

**तालिका न ८:**

**कर राजस्व तथा गैरकर राजस्व सम्बन्धी वर्तमान अवस्था**

| आय शीर्षकहरू | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|
| **क) कर राजस्व** | | | |
| ● सम्पत्तिमा आधारित कर –मालपोत वा भूमिकर | भएको | भएको | भएको |
| ● सम्पत्तिमा आधारित कर –सम्पत्तिकर | भएको | भएको | भएको |
| ● व्यवसाय कर | भएको | भएको | भएको |
| ● सवारी कर | | | |
| ● घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ● विज्ञापन कर | भएको | भएको | नभएको |
| ● मनोरञ्जन कर | भएको | भएको | नभएको |
| **(ख) गैर कर राजश्व** | | | |
| ● सवारी पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| ● वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| ● पर्यटन सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ● प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि | भएको | भएको | भएको |
| ● ढल निकास सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ● सार्वजनिक शौचालय सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● हाटवजार सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ● पशुवधशाला सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ● सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | नभएको | नभएको | नभएको |
| ● सडक बत्ती सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● अतिथि गृह सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ● अचल सम्पत्ति मूल्यांकन शुल्क | भएको | भएको | भएको |
| ● दर्ता तथा नविकरण दस्तुर | भएको | भएको | भएको |
| ● नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ● सिफारिस तथा बक्सौनी दस्तुर | भएको | भएको | भएको |
| ● नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ● अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ● लिलाम विक्री | भएको | भएको | भएको |
| ● सार्वजनिक निजी साझेदारी | नभएको | नभएको | नभएको |
| ● अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | नभएको | नभएको | नभएको |

| आय शीर्षकहरू | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|
| ● साँवा, ब्याज, लाभांस र वोनस | नभएको | नभएको | नभएको |
| ● भाडा तथा वहाल | नभएको | नभएको | नभएको |
| ● मेसिन तथा औजार भाडा | नभएको | नभएको | नभएको |
| ● सभागृह भाडा | नभएको | नभएको | नभएको |
| ● ताल, पोखरी तथा जग्गा भाडा | नभएको | नभएको | नभएको |

## ३.३.१सम्भावना तथा चुनौतीहरु

राजस्व अभिवृद्धि एवं परिचालन गर्ने सन्दर्भमा माण्डवी गाउँपालिका निम्न अनुसारका सम्भावना तथा चुनौतिहरु रहेका छन ।

| तालिका नम्वर ९<br>गाउँपालिकाको वस्तुस्थिति विश्लेषण | |
|---|---|
| **सवल पक्ष तथा सम्भावनाहरु** | **समस्या तथा चुनौतिहरु** |
| ➧ राजस्व परिचालनका लागि राजनीतिक संरचना तथा संयन्त्र निर्माण भएको<br>➧ गाउँपालिकामा राजस्व इकाई क्रियाशील रहेको र निम्नस्तरको जनशक्ति व्यवस्था भएको<br>➧ राजस्व संकलन वडा कार्यालयवाट हुँदै आएको<br>➧ राजस्व अभिवृद्धिका लागि वार्षिक नीति, कार्यक्रमको व्यवस्था<br>➧ सम्पत्तिकर, वहालकर, व्यवसायकर जस्ता मुख्य स्रोतहरु कार्यान्वयनमा<br>➧ आर्थिक ऐन २०७९ कार्यान्वयनमा रहेको<br>➧ राजस्व अभिलेखन एवं रसिद काट्ने व्यवस्था कम्प्युटर सफ्टवेयरवाट हुने गरेको<br>➧ धार्मिक एवं प्राकृतिक दृश्यावलोकन स्थलहरुको निर्माण संगै पर्यटन शुल्क संकलनको सम्भावना रहेको<br>➧ पार्किङ सेवा, लिफ्टिङ खानेपानी, स्थानीय सडक शीतभण्डार, पशुवधशाला, कृषि उपज संकलन केन्द्र, हाटवजार संचालन आदि जस्ता भौतिक पूर्वाधार निर्माण तथा सुविधा उपलब्ध गराए वापत सेवा शुल्क संकलनको सम्भावना वलियो<br>➧ होमस्टे एवं उद्यमशीलता विकास गरी उद्योग व्यवसाय प्रवर्द्धनवाट राजस्व संकलन हुन सक्ने क्षेत्रमा वजेट विनियोजन भएको<br>➧ एम्वुलेन्स संचालन | ➧ आन्तरिक आयमा कर राजस्वको हिस्सा क्रमिक रुपमा घट्दो र गैरकर राजस्वको हिस्सा वढ्दो क्रममा रहनु<br>➧ सम्पत्तिकर र व्यवसायकर प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न कठिनाई<br>➧ राजस्व अभिवृद्धिका लागि दायरा विस्तार गर्न कठिनाइ राजस्वका नयाँ क्षेत्र तथा स्रोत पहिचान गर्न कठिनाई<br>➧ राजस्व संकलनलाई डिजिटाइज एवं अनलाइन सेवा कार्यान्वयन गर्न कठिनाइ<br>➧ नागरिकलाई कर तिर्नुपर्ने वारेमा जनचेतना अभिवृद्धि गर्न नसक्नु<br>➧ सम्पत्तिकर, मालपोत वा भुमिकर, वहाल कर असुली कार्यविधि नभएको<br>➧ राजस्व संकलन हुने क्षेत्रहरु खासगरी पूँजीगत क्षेत्रमा लगानी अभिवृद्धि गर्न नसक्नु<br>➧ पर्यटकीय क्षेत्र, खानेपानी सेवा, स्थानीय सडक जस्ता गाउँपालिकाले निर्माण गरी सेवा सुविधा उपलव्ध गराए वापत उपभोग शुल्क कार्यान्वयन ल्याउन कठिनाई<br>➧ राजस्व शाखामा दक्ष एवं जनशक्ति संख्या न्यून हुनु<br>➧ गाउँपालिकापदाधिकारी, सदस्य एवं कर्मचारीहरुमा राजस्व अभिवृद्धि सम्वन्धी क्षमता न्यून हुनु<br>➧ राजस्वका दररेटहरु व्यवहारिक नहुनु<br>➧ राजस्व सम्वन्धी वार्षिक नीति कार्यक्रमहरुको कार्यान्वयन का लागि वजेट व्यवस्था नहुनु<br>➧ करका दररेट निर्धारण एवं कार्यान्वयनका लागि अन्तर पालिका समन्वय स्थापित नहुनु<br>➧ कर भुक्तानीका लागि करदाताहरु गाउँपालिकाकार्यालय मै आउनुपर्ने वाध्यात्मक |

| | |
|---|---|
| | अवस्था<br>➧ कर प्रशासनलाई प्रभावकारी रुपमा संचालन गर्न नसक्नु |

## ३.४ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.४.१ कर राजस्व

कर राजस्व तर्फ माण्डवी गाउँपालिकावाट भूमिकर तथा मालपोत, सम्पत्तिकर, व्यवसायकर, सवारी कर, घरजग्गा वहाल कर र विज्ञापन कर संकलन हुँदै आएको छ । गाउँपालिकामा मनोरन्जन करको सम्भावना देखिदैन र यसका लागि करदर निर्धारण भएको छ । यस सम्वन्धी विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**क) सम्पत्ति कर**

**विद्यमान अवस्था :**गाउँपालिकामासम्पत्ति करर मालपोत तथा प्रणाली कार्यान्वयनमा रहेको छ । यस अन्तर्गत अचल सम्पत्तिहरु जग्गा र सो माथी बनेको भौतिक संरचना घर, टहरा गोदाम आदिलाई समावेस गरिएको छ । पालिकावाट घर संरचना र जग्गालाई वडागत रुपमा सडकसंग जोडिएको वा वजारक्षेत्रको मूल्यका आधारमा न्यूनतम मूल्य कायम गरिएको छ र सो रकममा करका दर निर्धारण गरिएको छ ।आ.व.२०७९।०८० को आर्थिक ऐन २०७९ अनुसूची १ ले सम्पत्तिकरको दर न्युनतम १ लाख देखि ५ लाख सम्मको मूल्यांकनमा ०.०५ प्रतिशत र रु. १ करोड सम्मको मूल्यांकनमा ०.१५ दर निर्धारण भएको छ । यसै गरी १ करोड भन्दा माथीको मूल्यांकनमा ०.२ प्रतिशतका दरले सम्पत्तिकर लाग्ने गरी दर निर्धारण गरिएको छ । चालु आ.व.को लागि सम्पत्तिकर कूल अनुमान रु.९,८७,००० रहेकोमा पहिलो चौमासिक अवधिसम्ममा रु.५५,७७० संकलन भएको अवस्था छ ।

**तालिका १०**

**माण्डवी गाउँपालिकाको आर्थिक ऐन**
**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने**
**सम्पत्ति करको दर**

| क्र.सं. | विवरण | लगाउन सक्ने दर | वार्षिक करका दर | कैफियत |
|---|---|---|---|---|
| | एकलाख रुपैया सम्म | | कर छुट दिने | |
| १ | १ लाख १ देखि ५लाख सम्म | ०.०५ % देखि ०.२ % | ०.०५% | |
| | ५ लाख १ देखि १० लाख सम्म | | ०.०६ % | |
| | १० लाख १ देखि २० लाख सम्म | | ०.०७ % | |
| | २० लाख १ देखि ३० लाख सम्म | | ०.०८ % | |
| | ३० लाख १ देखि ४० लाख सम्म | | ०.०९ % | |
| | ४० लाख १ देखि ५० लाख सम्म | | ०.१ % | |
| | ५० लाख १ देखि १ करोड सम्म | | ०.१५ % | |
| | १ करोडभन्दा माथि | | ०.२ % | |

यसै गरी अनुसूची २ ले परम्परागत रुपमा खेत र पाखो तर्फ अव्वल, दोयम, सिम र चाहार गरी जग्गाको वर्गिकरण सहित मालपोत र भूमिकरको दर निर्धारण गरिएको छ ।

## तालिका ११

**मालपोत तथा भुमि करका दर (घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइनेछ)**

| क्र.सं.<br>१ | जग्गाको किसिम | खेत तर्फ रु. | | | | पाखो तर्फ रु. | | | | खरबारी ज. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार | अब्बल | दोयम | सिम | चहार | |
| १ | खेत पाखो ५ रोपनी सम्म | १० | ८ | ६ | ५ | ८ | ६ | ५ | ४ | २ |
| २ | खेत पाखो ५ रोपनी भन्दा माथि १५ सम्म प्रतिरोपनी | १५ | १२ | १० | ८ | १२ | १० | ६ | ५ | ४ |
| ३ | खेत पाखो १५ रोपनी भन्दा माथि २५ सम्म प्रतिरोपनी | २० | १५ | ११ | १० | २० | १५ | ११ | १० | ८ |
| ४ | खेत पाखो २५ रोपनी भन्दा माथि ५० सम्म प्रतिरोपनी | २५ | २२ | २० | १६ | २२ | २० | १६ | १५ | १० |
| ५ | ५० रोपनी भन्दा माथि प्रतिरोपनी | ३० | २८ | २५ | २२ | २७ | २५ | २१ | २० | १४ |

गाउँपालिकाले अवलम्वन गरेको करदर प्रगातिशील र व्यवहारिक, वैज्ञानिक र सामाजिक हिसाववाट न्यायोचित वनाउन आवश्यक छ ।

**सम्भाव्यता** : घरधुरीका आधारमा सम्पत्ति करको सम्भाव्यता हेर्दा पालिकालाई वार्षिक सम्पत्ति कर वापत रु.१करोड ६६ हजार संकलन गर्न सक्ने देखिन्छ । २०७८ को जनगणणा अनुसार गाउँपालिकामा ३९०४घर परिवार रहेका छन् । प्रति ३ घरमा २ जना करदाता भएको अनुमान गर्दा सम्पत्ति कर प्रयोजनका लागि गाउँपालिकामा ५८५६ करदाता हुने अनुमान गरिएको छ । शुरुका वर्षहरुमा उपरोक्त कर प्राप्त नभएपनि दायरा विस्तार गर्दै जाँदा सो रकम संकलन हुन सक्ने देखिन्छ । न्यूनतम ०.०३ प्रतिशत देखि ०.०५ प्रतिशत सम्मको दर निर्धारण गर्दा उपरोक्त रकम प्राप्त हुन सक्छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ सम्लग्न तालिकामा उल्लेख गरिएको छ ।

| | तालिका नम्वर १२<br>सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जम्मा परिवार संख्या | करदाता संख्या यथार्थमा | करदाता प्रतिशत | करदाता संख्या | अचल सम्पत्ति न्यूनतम मूल्यांकन रु. | सम्पत्ति करदर | वार्षिक कर रकम प्रति एक करदातावाट रु. | जम्मा वार्षिक कर रकम रु. |
| ३९०४ | ५८०० | ४० | २३४२ | १० लाख सम्म | एकमूष्ट | २०० | ४,६८,४८० |
| | | २० | ११६० | २० लाख सम्म | ०.००५ | १००० | ११,६०,००० |
| | | १५ | ८७० | ५० लाख सम्म | ०.००३ | १५०० | १३,०५,००० |
| | | १० | ५८० | ७५ लाख सम्म | ०.००३ | २२५० | १३,०५,००० |
| | | ७ | ४०७ | १ करोड सम्म | ०.००४ | ४००० | १६,२४,००० |
| | | ३ | १७४ | १ करोड ५० लाख सम्म | ०.००४ | ६००० | १०,४४,००० |
| | | २ | ११६ | २ करोड सम्म | ०.००४ | ८००० | ९,२८,००० |
| | | १.५ | ८७ | ३ करोड सम्म | ०.००४ | १०,५०० | ९,१३,५०० |
| | | १ | ५८ | ४ करोड सम्म | ०.००४ | १४,००० | ८,१२,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०.५ | २९ | ५ करोड सम्म | ०.००४ | १७,५०० | ५,०७,५०० |
| | | | | | | **जम्मा** | **१,००,६६,९८०** |

उपरोक्त अनुसारको सम्पत्तिकरलाई पहिलो बर्ष ५० प्रतिशत (५० लाख ३३ हजार) दोश्रो बर्ष ७५ प्रतिशत (७५ लाख ५० हजार) हुदै अन्तिम बर्ष सत प्रतिशत करदाता करको दायरामा आउने र प्रक्षेपण अनुसार रु.१ करोड ६६ हजार सम्पत्तिकर सकलन हुने अनुमान गरिएको छ ।

**ख) घरवहाल कर**

**विद्यमान अवस्था** : गाउँपालिकाक्षेत्रभित्र व्यक्ति संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा, पोखरी आदि पुरै वा आंशिक तवरले वहालमा दिएमा घरजग्गा वहाल कर लगाइने व्यवस्था पालिकाको गाउँपाकिकाको आर्थिक ऐनमा व्यवस्था गरिएको छ । भाडा प्रयोजनका आधारमा डेरावाल, व्यवसाय र संस्थागत गरी तीन भागमा वर्गीकरण गरिएको छ । गाउँपालिकाक्षेत्रभित्र व्यापारिक प्रयोजनका लागि ८३ इकाई भाडामा प्रयोग भएको अभिलेख रहेको छ भने कार्यालय प्रयोजनका लागि २५ इकाई वहालमा रहेको छ । गाउँपालिकाको आर्थिक ऐन २०७९ अनुसार सवैका लागि १० प्रतिशतको समदरमा वहालकर निर्धारण गरिएको छ । आ.व.२०७९।०८० मा वहालकर शिषकमा रु. ५,००,००० अनुमान रहेकोमा पहिलो त्रैमासिक अवधिसम्ममा रु.१० हजार ९३८ संकलन भएको अवस्था छ ।

**सम्भाव्यता** : गाउँपालिकाले आगामी आ.व.देखि व्यवसायिक प्रयोजन, कार्यालय प्रयोजन र आवासीय र व्यक्तिगत प्रयोजनका लागि व्यवसायिक र कार्यालय प्रयोजन तर्फ न्युनतम ५ देखि अधिकतम ७ प्रतिशत र निजी तथा आवासीय प्रयोजनमा न्युनतम ३ देखि अधिकतम ५ प्रतिशत सम्मको फरक फरक घरवहालकर दर निर्धारण गरी संकलन गर्न सकेको खण्डमा आर्थिक वर्ष २०८०/०८१को संकलन भन्दा ३० प्रतिशत वृद्धि अनुमान गर्न सकिन्छ । यस हिसाववाट गाउँपालकाले करीव रु.१५ लाख घरवहाल कर संकलन गर्न सक्ने देखिन्छ ।

**ग) व्यवसाय कर**

**विद्यमान अवस्था** : गाउँपालिकाले विभिन्न १३ विषय क्षेत्रका करिव ९७ प्रकारका शिर्षकहरुवाट व्यवसाय कर संकलन गर्ने प्रस्ताव गरेको छ । यस अन्तर्गत पनि व्यवसायको सेवा प्रकृति र श्रेणी अनुसार अन्य उपशिर्षकहरु रहेकाछन । गाउँपालिकाले वार्षिक व्यवसाय कर आर्थिक वर्ष २०७९/०८०का लागि रु.१,५०,००० अनुमान रहेकोमा पहिलो चौमासिक अवधिमा रु.८५ हजारको हाराहारीमा व्यवसायकर संकलन भएको अवस्था छ । गाउँपालिकामा उपलव्ध अभिलेख अनुसार माण्डवी गाउँपालिकाक्षेत्रभित्र रहेका बिषयक्षेत्रका व्यवसाय संख्या र करदर सम्वन्धी विवरण तल तालिकामा उल्लेख भए बमोजिम रहेको छ ।

तालिका १३

व्यवसायको प्रकृति, संख्या र करदर

| क्र.सं. | विषय क्षेत्रको उद्यम, पेशा व्यवसाय | संख्या | करको औषत दर | संभावना |
|---|---|---|---|---|
| १ | कृषि तथा पशुपंक्षी | ३० | २००० | ६०००० |
| २ | निर्माण तथा उत्पादन | ३९ | ३००० | ११७००० |
| ३ | खानीजन्य, विद्युत, ग्यास, खानेपानी तथा निर्माण | ४ | ५००० | २०००० |
| ४ | थोक तथा खुद्रा | २११ | १००० | २११००० |
| ५ | यातायात, भण्डारण, सूचना प्रविधि | ५ | १५०० | ७५०० |
| ६ | खाद्य, होटेल, रेष्टुरेण्ट, | ६२ | २००० | १२४००० |
| ७ | वित्तीय तथा लघुवित्त | १६ | ५००० | ८०००० |
| ८ | शिक्षा | २९ | ५००० | १४५००० |
| ९ | स्वास्थ्य तथा सामाजिक सेवा | ६ | २५०० | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| १० | रियल स्टेट, पेशाक्षेत्र, विज्ञान प्रविधि, प्रशासन, कला, मनोरन्जन र अन्य | २१ | ४००० | ८४००० |
| | **जम्मा** | ४२३ | | ९९८००० |

व्यवसाय कर सिद्धान्तत लगानी र वार्षिक कारोवारको आधारमा कर लगाउने गरिन्छ । व्यवसायहरुको लेखापरीक्षण एवं वार्षिक कारोवारलाई आधार मानी कर रकम निर्धारण गर्ने गरिन्छ । सामान्यत, गाउँपालिकाभित्र संचालन हुने व्यवसायहरुको स्तर र व्यवसायिक प्रकृति हेर्दा स्थानीय नै हुने र अधिकांश अनौपचारिक हुने भएकोले लेखापरीक्षण गर्ने कार्य आफैमा त्यत्ति व्यवहारिक नहुन पनि सक्छ । तापनि व्यवसायमा कर निर्धारण गर्ने आधार भनेको कारोवार नै हो । यसैका आधारमा कर संकलन गर्नुपर्ने हुन्छ । यसका लागि गाउँपालिकाले व्यवसायको प्रकृति, हुनसक्ने वार्षिक कारोवार, व्यवसायमा भएको पूँजी लगानी जस्ता पक्षलाई आधार मानी व्यवसायिहरुको प्रतिनिधि संस्थासंगको सहमतिमा एक करयोग्य रकम मानी सोमा करदर निर्धारण गर्दा तुलनात्मक रुपमा व्यवहारिक हुन सक्छ । गाउँपालिकाको व्यवसायकर अभिलेखमा के कति आवद्ध रहेको र करको दायरा भन्दा वाहिर रहेका करदाताहरुको एकिन अभिलेख उपलव्ध हुन नसकेको कारण यथार्थ करक्षमता मापन गर्न सकिएको छैन ।

**सम्भाव्यता :**

आर्थिक सर्भेक्षण २०१८ अनुसार गाउँपालिकाक्षेत्रभित्र संचालित उद्योग व्यवसायको संख्या ४२३ को हाराहारीमा पसल व्यवसायहरु रहेको तथ्यांक छ। यसरी संचालित उद्यम व्यवसायहरु अहिलेको अवस्था सम्म के कति संख्यामा वढे वा घटे सोको तथ्यांक यकिन छैन । ती उद्यम व्यवसायहरुमध्ये गाउँपालिकामा आवद्ध हुन वाँकी उद्योगहरुको सेवा प्रकृति एवं श्रेणी पहिचान हुन सकेको छैन । आर्थिक सर्भेक्षण २०१८ मा उल्लेखित विवरणको आधारमा उद्यम तथा व्यवसायलाई औषत करभार निर्धारण गर्दा करीव रु.९ लाख व्यवसायकर संकलन गर्न सकिने देखिन्छ ।

### ३.३.२ गैरकर राजस्व

गैरकर राजस्व अन्तर्गत गाउँपालिकामा वहाल विटौरी शुल्क, पर्यटन शुल्क, फोहोरमैला व्यवस्थापन शुल्कको सम्भावना रहेको देखिन्छ । यसका लागि गाउँपालिकावाट करदर निर्धारण समेत भई राजस्व संकलन समेत भएको पाइन्छ । यसैगरी प्राकृतिक स्रोत अन्तर्गग वालुवा, ढुङ्गा, गिट्टी, दहत्तर वहत्तरको सम्भावना पनि वलियो रहेको पाइन्छ । अचल सम्पत्ति मूल्यांकन शुल्क, मेसिन औजारको भाडा, जग्गा भाडा एवं सिफारिस, प्रमाणित नक्सापास जस्ता दस्तुरहरुको सम्भावना पनि प्रवल छ । यसका लागि राजस्व दररेट निर्धारण गरी सेवा शुल्क संकलन हुँदै आएको छ । तापनि स्थानीय स्तरमा भौतिक पूर्वाधारहरु निर्माण गरी सोको उपयोग गरेवापत सेवा शुल्क संकलन गर्ने अभ्यास गाउँपालिकामा रहेको पाइदैन । नागरिकहरुलाई खानेपानी सेवा उपलव्ध गराइएपनि सो वापत उपभोग शुल्क गाउँपालिकावाट संकलन भएको पाइदैन । यसका लागि गाउँपालिकावाट आवश्यक कानून संरचनाहरु पनि निर्माण हुन सकेको छैन । फोहोरमैला, ढल निकास, सडक वत्ती, पशुवधशाला, सार्वजनिक शौचालय जस्ता सेवाहरु संचालनमा निजी क्षेत्र, सहकारी संस्था एवं स्थानीय उपभोक्ताहरुसंग सहकार्य हुन सक्ने क्षेत्रहरु हुन ।

**घ) प्राकृतिक श्रोत साधन**

**विद्यमान अवस्था र संभावना**ः यस अन्तर्गत ढुङ्गा, वालुवा, गिट्टी, दहत्तर, वहत्तर पर्दछन । झिमरुक खोला,माडी खोला, गर्तङ्ग खोला र चुदरी खोला यस गाउँपालिकामा रहेका प्रमुख खोलाको रुपमा रहेको छ ।यस अन्तर्गत माण्डवी नदि, भिमरुक दाया किनारमा २३१३घ.मि.नदिजन्य प्राकृतिक श्रोत उपयोग विक्रि वा निकासी गर्न सक्ने अवस्था छ ।

**घर नक्सापास**

**विद्यमान अवस्था र सम्भाव्यता** : गाउँपालिकाले घर नक्सापास दस्तुर शिर्षकबाट कुनै पनि राजश्व संकलन भएको देखिदैन । चालु आ.व.मा जम्मा ८२० रुपैया संकलन भएको अवस्था छ । आगामी आर्थिक वर्षमा यस वापत रु.१लाखको हाराहारीमा राजस्व प्राप्त हुने देखिन्छ ।

**च) स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क : (सडक तथा खानेपानी)**

**विद्यमान अवस्था र सम्भाव्यता** :गाउँपालिकाक्षेत्रभित्र आफ्नै लगानीमा सडकहरु निर्माण हुँदै आएका छन । यसरी निर्माण भएका सडकहरुको नियमित मर्मत संभारका लागि आवश्यक श्रोत परिचालनका लागि स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क संलकन गर्नु आवश्यक छ ।

# परिच्छेद - चार :
# राजस्व सङ्कलन तथा संस्थागत क्षमता

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा कानुन

माण्डवी गाउँपालिकाले राजस्व संकलनलाई कानुन सम्मत, न्यायोजित तथा व्यवस्थित गर्ने हेतुले राजस्व परिचालनसंग सम्बन्धित राजस्व नीति अबलम्बन गरि सो अनुरुप ऐन तर्जुमा गरि कार्यान्वयन गरेको छ । आ.व.२०७९।०८० को लागि स्विकृत वार्षिक नीति तथा कार्यक्रममा देहाय बमोजिमको राजस्व सम्बन्धी देहायका नीतिहरु अबलम्बन गरेको छ :

- स्थानिय प्राकृतिक स्रोतसाधनबाट उठिरहेको न्युन राजश्वलाई बढाइनेछ ।
- बाताबरणीय प्रभाव मुल्यांकन गरी निश्चित क्षेत्रबाट निश्चित परिणाममा मात्र ढुगां गिट्टी बालुवा उत्खनन गर्न दिइ प्राकृतिक स्रोतसाधनको अत्याधिक दोहनलाई नियन्त्रण गरिनेछ । यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । गाउँपालिकाको आय वृद्धि गर्न तथा राजस्वको परिचालनवृद्धि गर्न राजस्वका दरहरु न्युन गर्दै दायरा फराकिलो बनाइनेछ ।
- करका दरलाई बाञ्चित सीमा भित्र राखिनेछ । प्रगतिशिल करको माध्यमबाट धनी र गरिब बिचको खाडल कम गर्दै लगिनेछ ।
- राजस्वका थपक्षेत्रहरु पहिचान गर्न राजस्व सम्भाव्यता अध्ययन गरिनेछ ।
- गैरकर राजस्व, सेवा शुल्क तथा दस्तुर संकलन गर्ने कार्य वडास्तरबाटै कम्प्युटराइज्ड पद्धती बाट प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

संस्थागत संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विभिन्न समितिहरु गठन भएका छन् र आवश्यकताका आधारमा उपसमितिहरु गठन भई संघीयताको अभ्यास भएको छ । माण्डवी गाउँपालिकामा राजस्व सम्बन्धी जनशक्तिको हिसावले हेर्दा जनप्रतिनिधिहरु र कर्मचारीहरु आवद्ध छन् । प्रशासन, शिक्षा, लेखा, प्राविधिक, सूचना, रोजगार सेवा, स्वास्थ्य, कृषि तथा पशुविकास, सामाजिक विकास, राजस्व, योजना शाखा तथा उपशाखाहरु क्रियाशील छन् । यस गाउँपालिकामा राजस्व इकाईमा सहायकस्तर चौथो- १ जनाले राजस्व सम्बन्धी काम गरिरहेको अवस्था छ । यसको अतिरिक्तसम्पत्तिकर, मालपोत/भूमीकर, घटनादर्ता दस्तुर, नाताप्रमाणीत दस्तुर, सिफारिस दस्तुरहरको सङ्कलन वडा कार्यालयवाट पनि हुदै आएको छ । राजस्व इकाइले आर्थिक कारोवारको अभिलेखीकरण सुत्र सफ्टवेयरवाट गर्दै आईरहेको छ ।

## ४.३ आन्तरिक आयपरिचालन

आर्थिक वर्ष २०७७/७८मा नगर मौज्दात सहित २ करोड ७६ लाख १० हजारको अनुमान रहेकोमा यथार्थ आय रु.१ करोड ६५ लाख १ हजार १९६ भएको छ जुन अनुमानको ५९.७६ प्रतिशत प्रगति मान्न सकिन्छ । यसै गरी आ.व.०७८।०७९ को लागि रु. ३ करोड १८ लाख १० हजारको अनुमान रहेकोमा आर्थिक बर्षको अन्त सम्ममा अनुमानको ८२.७९ प्रतिशत अर्थात रु.२ करोड ६३ लाख ३६ हजार ७७ संकलन भएको अवस्था छ । चालु आ.व.२०७९/८० को लागि रु.४ करोड ६५ लाख ३६ हजार ९०७ अनुमान रहेकोमा वैशाख महिना सम्ममा अनुमानको ८७.६२ प्रतिशत अर्थात रु.४ करोड ७ लाख ७५ हजार ९०५ संकलन भइसकेको अवस्था छ । यस हिसाववाट आ.व.२०७७।०७८ र २०७८।०७९ मा रु.९८ लाख ३४ हजार ८८१ अर्थात ५९.६० प्रतिशत राजश्व वृद्धि देखिन्छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१४

पालिकाको आन्तरिक परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आय शिर्षक | आ.व. (रु.) | | | |
|---|---|---|---|---|---|
| | | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० अनुमान | ०७९।०८० वैशाख सम्मको संकलन |
| १ | आन्तरिक आय | **१६५०११९७** | **२६३३६०७७** | **४६५३६९०७** | **४०७७५६०३** |
| १.१ | कर राजस्व | **३३६५८७०** | **२४३३८५५** | **२०५२०००** | **१३५३७५८** |
| | मालपोत वा भूमिकर | १२७२८८० | ४७८१८४ | ५००००० | ५०८७०१ |
| | सम्पत्तिकर | ९६१५५८ | ९५७३८९ | ९८७००० | ७४२९६३ |
| | व्यवसाय कर | २२७४० | १३३४५० | ५०००० | ०० |
| | सवारी कर | | | | |
| | घरजग्गा बहाल कर | ८४१११ | ५१४४६७ | ५००००० | ७९१४९ |
| | विज्ञापन कर | | | | |
| | वहाल विटौरी | | | | |
| | मनोरञ्जन कर | | | | |
| | जडिवुटी, जीवजन्तु, कवाडीकर | | ३५०००० | १०००० | ०० |
| | अन्य कर | १०२४५८१ | ३६५ | ५००० | २२९४५ |
| | **जम्मा कर राजस्व** | | | | |
| १.२ | गैरकर राजस्व | ३५५३१२१ | | | |
| १.२.१ | सेवा शुल्क | | | | |
| | सवारी पार्किङ्ग शुल्क | | | | |
| | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | १०००० | | |
| | न्यायिक दस्तुर | | ११०० | ३००० | ८०० |
| | अन्य सेवा शुल्क तथा विक्रि | | २३४००० | २४००००० | २१७५ |
| | अन्य प्रशासनिक सेवाशुल्क | | ५५८०७२ | ४००००० | ११२० |
| | पर्यटन सेवा शुल्क | | | | |
| | फोहरमैला व्यवस्थापन शुल्क | | | | |
| | ढल निकास सेवा शुल्क | | | | |
| | सार्वजनिक शौचालय सेवा शुल्क | | | | |
| | हाटवजार सेवा शुल्क | | | | |
| | परिक्षा शुल्क | | १८६०० | २५००० | ४८१०० |
| | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | | | | |
| | सडक बत्ती सेवा शुल्क | | | | |
| | अतिथी गृह सेवा शुल्क | | | | |
| | अचल सम्पत्ति मूल्यांकन शुल्क | | | | |
| १.२.२ | दस्तुर | | | | |
| | अन्य प्रशासनिक सेवाशुल्क | | | | |

| क्र.सं. | आय शिर्षक | आ.व. (रु.) | | | |
|---|---|---|---|---|---|
| | | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० अनुमान | ०७९।०८० वैशाख सम्मको संकलन |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | | १७०३०० | १८०००० | १५५७०० |
| | नक्सापास दस्तुर | | १२८११ | ० | ८२० |
| | सिफारिस दस्तुर | ३५५१५७ | २५१९०४ | ३००००० | ३७६०८५ |
| | नाता प्रमाणित दस्तुर | | १४३६२ | ३०००० | १६३४० |
| | अन्य दस्तुर | २८८५२८० | १४०९७४ | १५०००० | २०८५२२ |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | १३०३७३ | ० | ३०२७३६ |
| १.२.३ | विक्री | | | | |
| | प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि | | | | |
| | चालु सम्पत्ति लिलाम विक्री | | | | |
| | स्थायी सम्पत्ति विक्री | | | | |
| १.२.४ | स्रोत परिचालन | | | | |
| | सार्वजनिक निजी साझदारी | | | | |
| | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्बर आदि ) | | | | |
| १.२.५ | साँवा, ब्याज, लाभांस र वोनस | | | | |
| १.२.६ | अन्य आय | | ११४७३८० | २८००००० | ८३१२० |
| | भाडा तथा वहाल | | | | |
| | मेसिन तथा औजार भाडा | | | | |
| | सभागृह भाडा | | | | |
| | ताल, पोखरी तथा जग्गा भाडा | | | | |
| | दण्ड जरिवाना (प्रशासनिक तथा न्यायिक) | ३१३६८४ | ६८२७ | १०००० | ३९४२० |
| | धरौटी फिर्ता | | | | |
| | पेश्की फिर्ता (वेरुजु) | | १९६३०० | | |
| | **जम्मा गैरकर राजस्व** | **३५५४१२१** | **२८९३००३** | **६२९८०००** | **१२३९८७८** |
| | वैक मौज्दात | ९५८१२०३ | २१००९२१६ | ३८१८६९०७ | ३८१८६९०७ |
| | **जम्मा आन्तरिक आय** | **१६५०११९४** | **२६३३६०७४** | **४६५३६९०७** | **४०७७४६०३** |

### ४.४ राजस्व परिचालनमा रहेका प्रमुख सवालहरु

- गाउँपालिकासदरमुकाममा रहेका घर तथा जग्गाहरुको स्वामित्वमा समस्या रहेको ।
- करदर समसामयिक र प्रगतिशिल हुन नसकेको ।
- घरेलु कार्यालय, कर कार्यालय र पालिकालाई समेत व्यवसाय कर तिर्नु पर्दा करदातालाई तेहोरो मार परेको ।
- कर तिर्ने र कर नतिर्ने बीच कुनै भिन्नता नदेखिएको ।
- कर भुक्तानी गर्नेतर्फ करदाताहरु उदासिनता ।
- घर तथा जग्गाहरुको मूल्यांकन प्रयोजनका आधारमा अलग अलग हुने गरेको ।
- राजस्व प्रशासन अनलाइन तथा डिजिटलाइज हुन नसकेको
- सम्भावित करदाताहरुलाई कर संजालमा ल्याउन कठिन भएको
- निजी क्षेत्रहरु राजस्व वृद्धि हुने क्षेत्रहरुमा लगानी गर्न इच्छुक नभएका ।
- कर संकलनका लागि तथ्यांकको अभाव साथै करको दायरा विस्तार गर्न कठिन

# परिच्छेद - पाँचः
# राजस्व सुधार कार्ययोजना

## ५.१ कर राजस्व सुधार योजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, मालपोत वा भूमिकर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन् । उपरोक्त करहरुको सुधारका लागि गाउँपालिकाकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर संकलनमा प्रभावकारीता ल्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई गाउँपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

**ख) रणनीतिहरु**

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
२ कर तिर्ने अभ्यास विकास गर्न नागरिकलाई प्रोत्साहित गर्ने
३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने
४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने
५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने
६ संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने

**ग) कार्यनीतिहरु**

**रणनीति- १अन्तर्गतको कर राजस्व परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु**

१. गाउँपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा गाउँपालिकाआर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।
२. कर राजस्व र गैरकर राजस्व सम्वन्धी व्यवस्थापनका लागि ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । यसैका आधारमा जडीवुटी कवाडी तथा जीवजन्तु कर, सवारी साधन पार्किङ सम्वन्धी, सरसफाइ र प्राकृतिक श्रोत संकलन (वालुवा, गिट्टी, ढुङ्गा, दहत्तर वहत्तर) का लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. गाउँपालिकाभित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।
४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।
५. पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, स्थानीय विद्युत) उपयोगवाट राजस्व संकलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को कर तिर्ने अभ्यास विकासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।
३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।
४. ठूला करदाताहरुलाई गाउँपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।
५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।
६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क सङ्कलन गरिनेछ ।
२. सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु कर लगायतका करदाताहरुको अभिलेख खण्डीकृत र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।
३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।
४. गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गरिनेछ ।
५. गाउँपालिकाभित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।
६. राजस्व शाखामा तथ्याङ्कहरु अभिलेखका लागि कम्प्युटर सफ्टवेयर प्रयोगमा ल्याउने । संचालनमा रहेको विद्यमान अभिलेखीकरण प्रणालीलाई अद्यावधिक गरिनेछ ।

**रणनीति ४ को कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।
२. राजस्व संकलन तथा भुक्तानीका लागि डिजिटाइज गरिने छ ।
३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सेवा उपलव्ध गराइनेछ ।
४. संकलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

**रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।
२. कर वृद्धिका लागि नयाँ नयाँ क्षेत्रहरु पहिचान गरिनेछ । करको दररेटलाई सक्दो न्यून वनाउदै दायरा फराकिलो पारिनेछ ।
३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गरिनेछ र सोका आधारमा करदर निर्धारण गरिनेछ ।
४. अझै व्यवहारिक एवं वैज्ञानिकताका लागि विद्यमान करदरलाई परिमार्जन एवं संशोधन गरिनेछ ।
५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।
६. जडीवुटी, तथा कवाडी आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।
७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

**रणनीति ६ को संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१. संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ।
२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषि उपज संकलन केन्द्र, हाटवजार पर्यटकीय स्थलहरु निर्माणहरुमा लगानी गरी राजस्व अभिवृद्धि गरिनेछ ।
३. वहुउद्देश्यीय उपयोगका अवधारणामा वडा कार्यालयहरुलाई निर्माण गरी अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ ।
४. कृषि र गैरवन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

## घ) कर राजस्व सुधार कार्ययोजना

| तालिका नम्वर १५<br>कर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|
| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
| क) | **सम्पति कर** | | |
| १. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को न्यूनतम मूल्यांकन परिमार्जन गर्ने | २०८० श्रावण मसान्त सम्म | राजस्व परामर्श समिति, |
| २. | सम्पत्ति कर व्यवस्थापन कार्यविधि परिमार्जन गर्ने | २०८० असार मसान्त सम्म | गाउँकार्यपालिका |
| ३. | सम्पत्ति करदर परिमार्जन गर्ने | २०८० असार मसान्त सम्म | गाउँसभा |
| ४. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयम घोषणा अभियान सञ्चालन गर्ने | २०८०श्रावण देखि नियमित | गाउँपालिका, वडा कार्यालयहरु |
| ५. | सम्पत्ति कर सम्वन्धी करदाताहरुको अभिलेख अद्यावधिक गर्दै करदाता नम्वर वितरण गर्ने | २०८०श्रावण देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| ख) | **घर जग्गा वहाल कर** | | |
| ६. | गाउँपालिकाभित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्यांक सकलन गर्ने | २०८०कार्तिक मसान्त सम्म | राजस्व शाखा वडा सचिव |
| ७. | घरजग्गा वहाल कर सम्वन्धी कार्यविधि परिमार्जन गर्ने | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँसभा |
| ग) | **व्यवसाय कर** | | |
| ८. | गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवस्था गर्न सबै व्यवसायीलाई सुचित गर्ने | २०८० साउन देखि नियमित | राजस्व शाखा |
| ९. | व्यवसाय कर व्यवस्थापन सम्वन्धी कार्यविधि स्विकृत गर्ने | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति गाउँसभा |
| १०. | दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने | २०८० साउन देखि नियमित | राजस्वशाखा र वडा कार्यालयहरु |
| घ) | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | |
| ११. | जडिवुटी, कवाडी र जीवजन्तु कर संकलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क संकलन गर्ने | २०८० मंसिर मसान्त सम्म | राजस्वशाखा र वडा कार्यालयहरु |
| १२. | जडीवुटी जीवजन्तु तथा कवाडी कर कार्यविधि तर्जुम ागर्ने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| ङ) | **विज्ञापन कर** | | |
| १३. | न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने | २०८० भाद्र मसान्त सम्म | राजस्वशाखा र वडा कार्यालयहरु |
| १४. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुम ागर्ने | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| च) | **सवारी साधन कर** | | |
| १५. | गाउँपालिकाक्षेत्रमा संचालित सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने | २०८० भदौ मसान्त सम्म | राजस्व उपशाखा, वडा कार्यालयहरु |
| १६. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुमागर्ने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति, |

## ५.२ गैरकर राजस्व सुधार योजना तर्जुमा

यस अन्तर्गत गाउँपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्यांकन जस्ता सेवा सुविधाहरु उपलब्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

**ख) रणनीति**

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।
२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।
३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु**

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, दहत्तर, वहत्तर आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
२. गाउँपालिकाक्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गरिनेछ ।
३. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
४. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।
५. शहरीकरण संगसंगै निजीक्षेत्र, सहकारी संस्थासंगको सहकार्यमा फोहोरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गरिनेछ ।

**रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।
२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।
३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।
४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

## घ) गैरकर राजस्व सुधार कार्ययोजना

| तालिका नम्वर १६<br>गैरकर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|
| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मोवारी |
| क) | **प्राकृतिक श्रोत उपयोग** | | |
| १७. | प्राकृतिक श्रोत उपयोग गर्ने सम्वन्धी कार्यविधि तर्जुमागर्ने र ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री व्यवस्था गर्ने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| १८. | सम्भाव्य स्थलहरुको IEE परिक्षण गर्ने र सो अनुसारको परिमाण एकिन गर्ने | २०८०कार्तिक मसान्त सम्म | प्राविधिक शाखा र प्रशासकीय अधिकृत |
| १९. | संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्य सुनिश्चित गर्ने | २०८० साउन देखि नियमित | राजस्व परामर्श समिति गाउँ कार्यपालिका |
| ख) | **नक्सापास दस्तुर** | | |
| २०. | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने | २०८० साउन देखि नियमित | प्राविधिक शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| २१. | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | २०८० साउन देखि नियमित | राजस्वशाखा वडा कार्यालयहरु |
| २२. | घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने | २०८० साउन देखि नियमित | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु |
| ग) | **बहाल विटौरी शुल्क** | | |
| २३. | वहाल विटौरी शुल्कलाई परिमार्जन गर्दै कार्यविधि तर्जुम ागर्ने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| २४. | सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने | २०८० मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| घ) | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | |
| २५. | शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँसभा |
| ङ) | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| २६. | गाउँपालिकालाई दीर्घकालीन आय आर्जन हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- हाट बजार संचालन<br>- उद्यमशिलता विकास | २०८० साउन मसान्त सम्म | गाउँकार्यपालिका |

| | | | |
|---|---|---|---|
| | - औद्योगिक ग्राम<br>- फोहोर प्रशोधन केन्द्र<br>- स्थानीय पूर्वाधार सेवाहरु | | |
| २७. | गाउँपालिकाक्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्ट सञ्चालनका लागि निजी क्षेत्र, सहकारी संस्थासंग सहकार्य गर्ने | २०८० साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिका |
| २८. | व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, प्राविधिक शिक्षालय, अस्पताल, फोहोर संकलन केन्द्र, चिस्यान केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण, संचालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजश्व सुधार कार्यक्रम संचालन गर्ने | २०८० साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका |

## ५.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस अन्तर्गत गाउँपालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

गाउँपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

**ख) रणनीति**

१. गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु**

१. राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. मध्यकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखामा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।
२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई क्रियाशील वनाइनेछ ।
४. नागरिकहरुको अचल सम्पत्ति मूल्यांकनका लागि प्राविधिकहरु समेत रहने गरी गाउँपालिकास्तरीय सम्पत्ति मूल्यांकन समिति गठन गरिनेछ ।
५. गाउँपालिकाजनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
८. गाउँपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

**रणनीति ३ को राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याइनेछ ।
२. वडा कार्यालयहरु सहित कार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गरिनेछ ।
३. राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गरिनेछ ।
४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।
५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी जानकारी करदाताहरुलाई गराइने छ ।

**घ) राजस्व प्रशासन सुधार कार्ययोजना**

| तालिका नम्वर १७<br>राजस्व प्रशासन सुधार कार्ययोजना | | | |
|---|---|---|---|
| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मोवारी |
| क) | **संगठानिक स्वरुप तथा संस्थागत क्षमता** | | |
| २९. | राजस्व शाखामा राजस्व सम्बन्धी सम्पुर्ण दस्तावेज तथा तथ्यांकको अभिलेख राख्ने | नियमित | राजस्व उपशाखा |
| ३०. | राजस्व शाखामा कर्मचारीको व्यवस्था गर्ने | २०८० असोज मसान्त सम्म | कार्यपालिका |
| ३१. | राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गर्ने | २०८० मंसिर सम्म | प्रमुम प्रशासकीय अधिकृत |
| ३२. | राजस्व असुलीमा प्रयोग हुँदै आएको कम्प्युटर सफ्टवेयरमा आवश्यक सुधार गर्ने । | २०८० कार्तिक मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ३३. | वडा सचिवहरुको बैठक नियमित (कम्तिमा त्रैमासिक) राखी राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने | त्रैमासिक | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ख) | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| ३४. | आवश्यक ऐन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | २०८०असार मसान्त सम्म | राजस्व परामर्श समिति गाउँसभा |
| ३५. | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदातामैत्री बनाउने | २०८०असार मसान्त सम्म | कार्यपालिका |
| ग) | **समन्वय, अनुगमन र समीक्षा** | | |
| ३६. | राजस्वसंग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने | अर्ध वार्षिक | राजस्व शाखा |
| ३७. | स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने | त्रैमासिक | राजस्व शाखा |
| घ) | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | |
| ३८. | कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |
| ३९. | आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जाने | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद - छः
# आगामीत्रिवर्षीय राजस्व प्रक्षेपण

